# परीक्षासँगै उत्तरपुस्तिका परीक्षण

**मुक्तिनाथ समाचारदाता**
*मुक्तिनाथ (मुस्ताङ), चैत २१ गते*

मुस्ताङमा माध्यमिक शिक्षा परीक्षा (एसइई) को उत्तरपुस्तिका परीक्षा लिइएकै दिन परीक्षण सुरु गरिएको छ।

जिल्ला सदरमुकाम जोमसोमस्थित जनहित मावि परीक्षा केन्द्रबाट हरेक दिनको परीक्षा सकिएलगत्तै शिक्षा विकास तथा समन्वय एकाइमा उत्तरपुस्तिका परीक्षण भइरहेको सूचना अधिकारी चन्द्रसिंह विकले जानकारी दिनुभयो।

राष्ट्रिय परीक्षा बोर्डको एक महिनाभित्र नतिजा सार्वजनिक गर्ने योजना अनुसार एकाइले कार्यतालिका बनाएर परीक्षण गरिरहेको छ। सूचना अधिकारी विकले भन्नुभयो, "परीक्षा र कपी परीक्षण एकै दिन सकिन्छ, विद्यार्थी सङ्ख्या कम भएकाले जनशक्तिको समस्या छैन।" उहाँका अनुसार आफ्ना विद्यार्थीको कापी सम्बन्धित विद्यालयका शिक्षकबाहेकले जाँच गरिरहनुभएको छ। मुस्ताङमा नौ सामुदायिक, एक निजी र दुई धार्मिक विद्यालयबाट १९८ परीक्षार्थी सहभागी छन्।

# पुल बनेपछि राहत

**नवलपरासी समाचारदाता**
*कावासोती, चैत २१ गते*

नवलपरासीको मध्यविन्दु नगरपालिका–१ मा रहेको डेन्जरखोलामा पुल बन्ने भएपछि त्यहाँको जनताले राहत महसुस गरेको छ।

पुल नबन्दा बर्सेनि आउने बाढीले अकालमै धेरैको ज्यान जान थालेपछि गण्डकी प्रदेश सरकार र नगरपालिकाको साझेदारीमा बेलिब्रिज (पुल) को निर्माण भएको छ। मध्यविन्दु नगरपालिका–१ को वडा कार्यालय र सिद्धपानी जोड्ने बेलिब्रिज (पुल) को निर्माणका लागि गण्डकी प्रदेश सरकार र मध्यविन्दु नगरपालिकाको संयुक्त लगानी रहेको छ। पुल निर्माणका लागि एक करोड २९ लाख ५२ हजार ६५५ रुपियाँ खर्च भएको वडाध्यक्ष तिलकराम न्यौपानेले बताउनुभयो।

गत वर्षदेखि निर्माण सुरु भएको बेलिब्रिज यो वर्षको वर्षायाम सुरु हुनुभन्दा अघि नै सम्पन्न भएको वडाध्यक्ष न्यौपानेले बताउनुभयो।

वर्षायाममा साह्रै मुस्किल अवस्थामा स्थानीयलाई यो खोलाले निकै दुःख दिने गरेकाले पनि अहिले प्रदेश सरकार र नगरपालिकाको संयुक्त लगानीमा पुल निर्माण भएको छ। पुल निर्माण भएपछि अब कसैको ज्यान अकालमै नजाने मध्यविन्दु नगरपालिका–१ का समाजसेवी राजकुमार महतो थारूले बताउनुभयो।

# तीर्थालुको ज्यान गयो

मुक्तिनाथ (**मुस्ताङ**), चैत २१ गते। मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका–१ स्थित मुक्तिनाथ मन्दिरमा श्वासप्रश्वासमा समस्या आएपछि उपचारका क्रममा एक तीर्थालुको ज्यान गएको छ।

पर्सा जिल्लाको ठोरी गाउँपालिका–४, की ४१ वर्षीय सरिता बुढाथोकीको शुक्रबार अचानक श्वासप्रश्वासमा समस्या देखिएपछि अर्धचेत अवस्थामै प्रदेश अस्पताल जोमसोममा ल्याइएको थियो। विद्यालयका शिक्षक, आफन्तसँग मुक्तिनाथ मन्दिरको दर्शनका लागि आएकी बुढाथोकीलाई उपचारका क्रममा चिकित्सकले मृत घोषित गरेको जिल्ला प्रहरी कार्यालय मुस्ताङका सूचना अधिकारी ईश्वर महतले बताउनुभयो।

स्थानीय ज्ञानज्योति माविकी शिक्षिका महतको शव परिवारलाई बुझाइएको छ भने पोस्टमार्टम रिपोर्ट आउन बाँकी रहेको प्रहरी निरीक्षक महतले जानकारी दिनुभयो। समुद्री सतहदेखि तीन हजार आठ सय मिटर उचाइमा अवस्थित मन्दिर क्षेत्रमा नेपाली भारतीय तीर्थालुलाई लेक लाग्ने समस्यालाई ध्यानमा राख्दै 'हाई अल्टिच्युड' उपचार केन्द्र रहेको छ। समुद्री सतहदेखि दुई हजार पाँच सय मिटर वा सोभन्दा माथिको उचाइमा पुग्दा शरीरमा अक्सिजनको मात्रा कम हुनुलाई लेक लागेको भनिन्छ। चालु आर्थिक वर्ष २०८२/८३ मा छ जनाको लेक लागेर ज्यान गएको छ।

# तेस्रो आदिवासी जनजाति महोत्सव हुँदै

मध्यविन्दु, चैत २१ गते। नेपाली नयाँ वर्ष २०८२ को अवसर पारेर नवलपुरमा तेस्रो आदिवासी जनजाति महोत्सव हुने भएको छ।

चैत २६ गतेदेखि वैशाख ७ गतेसम्म कावासोती–२, भाटटोला बेलचोकस्थित नवदुर्गा रङ्गशाला खेल मैदानमा महोत्सव हुने शनिबार पत्रकार सम्मेलनमार्फत जानकारी दिइएको छ।

नेपाल आदिवासी जनजाति महासङ्घ नवलपुरको आयोजनामा हुने महोत्सवमार्फत

आदिवासी जनजाति समुदायको संस्कार, संस्कृति, वेशभूषा, रहनसहन, परम्परागत खाना तथा जीवनशैलीको संरक्षण, प्रवर्धन र प्रचारप्रसार गर्ने उद्देश्य रहेको महासङ्घ नवलपुरका अध्यक्ष रामकुमार श्रेष्ठले जानकारी दिनुभयो। महोत्सवमा विभिन्न जातजातिका सांस्कृतिक नृत्य, झाँकी प्रदर्शन, कला संस्कृतिसँग सम्बन्धित स्टल तथा स्थानीय उत्पादनको प्रदर्शनी रहने छ। साथै होटेल, पर्यटन तथा व्यापार व्यवसायसँग सम्बन्धित स्टल पनि रहने उहाँले बताउनुभयो।


**Sudurpaschim Provincial Government**
**Ministry of Physical Infrastructure Development**
## Water Supply & Sanitation Division office
**Rajpur Doti**

### Invitation for Bid (IFB)

**(First date of publication : 22th Chaitra 2082 BS, (5th April 2026 A.D)**

1. **Water Supply & Sanitation Division office**, Doti invites open competitive bids for Supply and deliver and Construction of the following Goods/Works under National competitive bidding – Single Stage Single Envelope procedures. All other information & bid documents can be downloaded from PPMO's web site www.bolpatra.gov.np/egp/.
2. Interested Construction Companies/Suppliers should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before **May 5th, 2026 (BS-2083-01-22) 12:00 Noon**.Eligible bidders may obtain further information from Water supply and Sanitation Division Office Rajpur Doti (**Tel: 094-440119** email: wss.doti@gmail.com) during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

| S. N. | Contract IdentificationNo. | Description | Estimated Amount (With VAT ) NRs. | Price of Bid Document fee | Bid Security/ Bid Bond | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | WSSDO-Doti/NCB/ Goods/11/082/083/Doti/Doti | Supply and Delivery of GI pipe and Fittings | 46,21,894.62 | 3,000.00 | 1,50,000.00 | |
| 2 | WSSDO-Doti/NCB/ Goods/12/082/083/Doti/ Achham | Supply and Delivery of Submersible water pump and accessories | 37,07,069.22 | 3,000.00 | 1,00,000.00 | |

**KI Singh Rural Municipality**
**Office Of The Rural Municipal Executive**
Wayal,Doti
Sudurpaschim Province, Nepal

### Invitation For E-Bids

**First Date of Publication :2082/11/15(27th Feb 2026)**
**Second Date of Publication : 2082/12/22(5thApril 2026)**

The KI Singh Rural Municipality Wayal Doti invites online Bids From Eligible Nepalese Bidder For the Procurement of the Following Works:

| Contract Identification No | Description of works | Estimated Amount(without Vat, PS& Contigency) | Last Date of Bid Submission | Bid Opening Date | Bid Doc Fee Nrs | Bid Security Nrs |
|---|---|---|---|---|---|---|
| 04/NCB/W/ KISRUM/2082/083 | Construction of GaneshKada Janjati Bastima Khanepani tatha Sichai pokhari Nirman | 21,33,296/- | 20 April 2026, 12:00 pm | 20 April 2026, 13:00 pm | 3,000/- | 64,000/- |

Eligible Bidders may obtain further information from PPMO website www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

**Government of Nepal**
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads**
**Federal Road Supervision and Monitoring Office, Pokhara**
**Road Division Damauli**
**Damauli, Tanahun**

### Notice for Intention to Accept the Bids

**Date of Publication: 2082/12/22 (5th April, 2026)**

Notice is hereby given to all concerned that Road Division Damauli intends to accept the following, substantially responsive lowest evaluated bids for the contracts as mentioned below and hence publishes this notice as per sub-section (2) of section (27) of the Public Procurement Act, 2063.

| S.N. | Contract No. | Description of Works | Substantially Responsive Lowest Evaluated Bid | Quoted Amount (Nrs. Including VAT and PS) |
|---|---|---|---|---|
| 1 | RDDML/33701694/082/83-21 | Roadway Upgrading Works of Kalika Sahid Marga Nirman (Risti-Paaudhi Corridor) From Chainage 5+300 to 6+800,Tanahun | M/S Divine Light Construction, Bharatpur | 36,070,071.35 |
| 2 | RDDML/33701694/082/83-22 | Roadway Upgrading Works of Kalika Sahid Marga Nirman (Risti-Paaudhi Corridor) From Chainage 6+800 ,Tanahun. | M/S Indreni Engineering / Abhiyan JV, Kaski | 44,488,364.11 |
| 3 | RDDML/33701694/082/83-23 | Roadway Upgrading and Blacktopping work of Syauli Bazar to Bahrapirke Road , Bhanu 5 & 6 Tanahun | M/S Sachet Construction P. Ltd., Gorkha | 67,181,446.25 |
| 4 | RDDML/33701694/082/83-24 | Roadway Upgrading and Blacktopping work of Sudepul-Ghumaauneghat Section ( Ch 11+200 - 15+000), Tanahun | M/S Bajra Mansh-Rising JV, Bhaktapur | 64,447,748.70 |
| 5 | RDDML/33701694/082/83-26 | Roadway Upgrading and Blacktopping work of Sudepul-Ghumaauneghat Section ( Ch 18+500 - 33+000), Tanahun | M/S Divine Light - Padmadeep J.V, Bharatpur | 47,114,424.79 |
| 6 | RDDML/33701694/082/83-28 | Roadway Upgrading and Blacktopping work of Sudepul-Ghumaauneghat Section ( Ch 15+000 - 18+500), Tanahun | M/S GBT/CNSPL/ GCPL JV, Bhaktapur | 62,963,593.08 |

**Division Chief**

## Bishnupur Rural Municipality
**Office of Rural Municipal Executive**
**Bishnupur, Siraha**
**Madhesh Province, Nepal**
**Date of publication : 2082-12-22 (05-04-2026)**

### Invitation for Electronic Bids

1. Bishnupur Rural Municipality, Bishnupur, Siraha invites electronic Bids for eligible bidders for following project.

| Contract No/Id | Description of Work | Estimated Amount (Without Vat & Contingencies) | Bid Security & Valid Days | Bid Document Fee (NRs.) | Deadline for Bid Submission Date and Time | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|
| BRM-NCB-Works-07-2082/083 | Gurudayalko Bagaicha dekhi Purwa Mulnahar samma Sadak Dhalan Karya, Bishnupur Ga.Pa.-2 | – | 15,00,000 & 120 days | 5,000.00 | 2083-01-22 (05-05-2026) 12:00 Noon | 2083-01-22 (05-05-2026) 13:00 PM |
| BRM-SQ-Works-02-2082/083 | Ramekwal Yadavko ghar dekhi Pachim Sukthor sakhasamma Sadak Dhalan Karya, Bishnupur Ga.Pa.-4 | 17,19,103.35 | 48,000 & 75 days | 1,000.00 | 2083-01-07 (20-04-2026) 12:00 Noon | 2083-01-07 (20-04-2026) 13:00 PM |
| BRM-SQ-Works-03-2082/083 | Siraha Choharwa Sadak dekhi Pachim Shovapur ko Sadak Dhalan Karya, Bishnupur Ga.Pa.-1 | 17,21,289.33 | 48,000 & 75 days | | | |
| BRM-SQ-Works-04-2082/083 | Rambabu Yadavbala Pokhariko Uttarpatti Sadak Sanrakchan Karya, Bishnupur Ga.Pa.-4 | 17,46,428.22 | 48,000 & 75 days | | | |
| BRM-SQ-Works-05-2082/083 | Bhola Mukhiya ghardekhi dachin Sadak Dhalan Karya, Bishnupur Ga.Pa.-1 | 17,21,275.38 | 48,000 & 75 days | | | |
| BRM-SQ-Works-06-2082/083 | Budheshwor ghardekhi Uttar Sadak Dhalan Karya, Bishnupur Ga.Pa.-1 | 17,21,086.09 | 48,000 & 75 days | | | |

2. Eligible Bidders may obtain further information from (9852850049, website: https://bishnupurmunsiraha.gov.np/) **Bishnupur** Rural Municipality, Bishnupur, Siraha or may download bidding document from PPMO's e-gp system www.bolpatra.gov.np./egp under name of Bishnupur Rural Municipality, Bishnupur, Siraha.
3. Interested bidders shall register in e-GP system and shall summit their bid through PPMO's e-GP system www.bolpatra.gov.np./egp system before above mentioned date & times.
4. **Bank A/C Details (For cost of Bid Document & Bid Security Amount) :**
   Name of the Bank: **Nepal Investment Mega Bank Nepal Limited,** Name of Office: Bishnupur Gau Karyapalikako Karyalaya Office
   Account no.: **16801400000093** (Rajaswa) **,** Account no.: **16801400000086** (Security).

## प्रदेश लोक सेवा आयोग
**लुम्बिनी प्रदेश, बुटवल**
**मिति : २०८२।१२।२२**

### आ.व. २०८१–०८२ का अधिकृत स्तर आठौं र सातौं तहका स्थगित विज्ञापन पुनः सञ्चालन हुने सम्बन्धमा।

यस आयोगबाट मिति २०८१/०६/३० मा प्रकाशित सूचना नं. १०१/२०८१–०८२ बाट अधिकृत स्तर आठौं र सातौं तहका विभिन्न पदहरूमा दरखास्तको अन्तिम मिति २०८१/०७/२७ तोकिएको अवस्थामा सम्मानित सर्वोच्च अदालतको मिति २०७७/०७/२५ को अन्तरकालीन उत्प्रेषणबाट स्थगित भएकोमा, मिति २०८२/०४/२१ मा सम्मानित सर्वोच्च अदालतबाट उक्त रिट खारेज भएकोले निर्णय कार्यान्वयनका लागि आयोगको मिति २०८२/१२/२० मा पदपूर्ति सम्बन्धी सम्पूर्ण काम कारबाही अगाडि बढाउने निर्णय भए अनुसार आयोगको वेबसाइट **www.ppsc.lumbini.gov.np** मा सूचना प्रकाशन गरिएको हुँदा विस्तृत विवरणका लागि उक्त सूचना हेर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

**Government Of Nepal**
## Rautahat District Court
**Gaur, Rautahat**

### Letter Of Intent

**Date of Publish : 2026/04/05 (2082/12/22)**

Pursuant to clause 27 (2) of Public Procurement Act 2063, this is to notify all concerned bidders that the following substantially responsive lowest bidder have been selected to award the contract as per the Invitation for Bids published on Gorkhapatra Daily Newspaper on 2082/11/14. Rautahat District Court, Gaur intends to award the following contract.

| S. N. | Contract No./ Name of Contract | Name of successful bidder | Total Bid Price including of VAT and PS (NRs.) |
|---|---|---|---|
| 1 | RDC/RAU/NCB/W/82-83/01 (Construction of building hall with truss structure on top floor of Rautahat District Court and Police Post.) | Diamond Constructions, Gaur | 54,97,874.21 |

### Notice For Time Extension

(Date of Publication April 05, 2026)

1. We would like to inform all the concerned bidders about the time extension of the following bid:

| S.N. | Tender No. | Amended Bid Closing Date and Time | Amended Bid Opening Date and Time | Amended Bid Security Validity |
|---|---|---|---|---|
| 1. | IFB No. NDCL/CTO/ ICB/10/082-83 for Delivery and Commissioning of Data Clearing House (DCH) Service | April 19, 2026 12:00 Hrs | April 19, 2026 13:00 Hrs | At least up to August 17, 2026 |

2. A complete set of Tender Document may be downloaded for e-submission from PPMO's e-GP system at www.bolpatra.gov.np/egp.
3. In case, the last date of submission and opening of the Tender date happens to be an official holiday, the next working day will be deemed as the due date and the time will remain same as stipulated.

Contact Address
**Nepal Telecom**
(Nepal Doorsanchar Company Limited),
Office of the Chief Technical Officer (CTO)
Central Procurement Department, Bhadrakali, Kathmandu, Nepal.
Tel. No. : 977-1-4210310, E-mail :procurement@ntc.net.np

## नेपाल खानेपानी संस्थान
**शाखा कार्यालय भैरहवा**
**रुपन्देही**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८२।१२।२२

यस नेपाल खानेपानी संस्थान शाखा कार्यालय भैरहवाद्वारा मिति २०८२।१०।२५ गते राष्ट्रिय दैनिक नेपाल समाचारपत्र पत्रिकामा तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको Website: http://www.bolpatra.gov.np/egp मा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरू मध्ये सारभूतरूपमा प्रवाहग्राही भई न्यूनतम मूल्याङ्कित तपसिलमा उल्लेखित बोलपत्रदाता छनौट भएको हुँदा **सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र (३)** बमोजिम स्वीकृत गर्न आशयको सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का न. | कार्य विवरण | बोलपत्रदाताको नाम र ठेगना | स्वीकृत रकम (without VAT and PS) |
|---|---|---|---|---|
| 1. | NWSC: BHW/082/83/ NCB/ Goods-03 | Supply and Delivery of 15mm Dia AMR Compatible Volumetric type Water Meter | Amit Bani Super Supplier P. Ltd Bharatpur Chitwan | 57,26,800.00 |

**Kotahimai Rural Municipality**
Office of Rural Municipal Executive
Majhgawa, Rupandehi, Nepal.

### Invitation for Online Bids

First Date of Publication: **15/Falgun/2082 (27/Feb/2026)**
Second Date of Publication: **22/Chaitra/2082 ( 5/April/2026)**

1. Kotahimai Rural Municipality has allocated funds towards the cost of procurement of works and intends to apply part of the funds to cover eligible payments under the following Contract.

| SN | Contract ID | Description of Works | Grand Estimated Amount Nrs. (Including VAT and Others) Nrs. | Bid Security Amount & Validity Period | Bid Document Fee & Bid Validity Period | Bidding Process |
|---|---|---|---|---|---|---|
| 1 | | Sano Majhgawa Mubarab home to Kabarsthan Road Upgrading. | 25,00,000 | Nrs.70,000 120 Days | Nrs.3,000 90 Days | NCB |

2. Eligible bidders can inspect the Bidding documents at the PPMO website www.bolpatra.gov.np and may obtain further information at Kotahimai Rural Municipality Office.

**Chief Administrative Officer**

**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**सङ्घीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं**
**सडक डिभिजन काठमाडौं**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति २०८२।१२।२२)**

यस डिभिजनको मिति २०८२।११।१३ को मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं. १६।२०८२।८३ को बोलपत्र आह्वान सूचना बमोजिम तपसिलका ठेक्काको लागि म्यादभित्र **E-Bid** मार्फत दर्ता भएका बोलपत्रहरू मध्येबाट न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही निम्नानुसारको बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायी | कवोल अंक रु. (VAT, PS सहित) |
|---|---|---|---|
| RDKTM/ 337310113/ 082/83/048 | Road upgrading works on Pharsikhola Suntakhan Buspark Road, Gokarneshwor | R.N.S. Two Builders Pvt. Ltd. | 33,35,834.11 |

**डिभिजन प्रमुख**